जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १४, अङ्क- २६, २०८२ माघ ८ गते विहीबार, 22 Jan 2026, नेपाल सम्वत्-११४६ पृष्ठ-६, मूल्य रु. ५/-

पुराना-नयाँ संगै मैदानमा रोचक प्रतिष्पर्धा



○सरिता दाहाल

मकवानपुर । प्रतिनिधि सभा सदस्य निर्वाचन मकवानपुरमा रोचक देखिने भएको छ ।

नयाँ दलबाट उम्मेरदार बनेका युवा नेता र पुराना दलको पुराना नेताहरूबीचको चुनावी मैदान रोचक देखिने भएको छ । जहाँ पटक पटक निर्वाचनमा हारको सामना गरेका र नयाँ युवाहरूको पहिलो प्रयास एकै मैदानमा देखिने भएको छ ।

दुईवटा निर्वाचन क्षेत्र भएको मकवानपुरमा दुबैमा नयाँ र पुरानाको प्रतिष्पर्धा हुने भएको छ ।मकवानपुर क्षेत्र नम्बर १ मा एमालेका रामेश्वर राना, कांग्रेसकी महालक्ष्मी उपाध्याय 'डिना',र राप्रपाका दीपक बहादुर सिंह मुख्य प्रतिस्पर्धीको रुपमा देखिएका छन्। यि पुराना दलका पुराना नेताहरूसँग प्रतिष्पर्धामा उत्रेका नयाँ दलका युवाहरूको पनि चर्चा कम छैन । चर्चित पुराना नेताहरूसँग मैदानमा को आयो भन्ने प्रश्नले नै नयाँ युवाहरूको प्रचार भइरहेको छ । यसो त यो क्षेत्रमा स्वतन्त्र युवा, राष्ट्रिय स्वतन्त्रा पार्टी, जनता समाजवादी पार्टी, र अन्य साना दलका उम्मेदवारहरुले पनि प्रतिस्पर्धामा भाग लिने भएका छन्।

यस क्षत्रबाट पुरानो पार्टीहरूको नयाँ रूपमा देखिएको नेपाली कम्युनिस्ट पार्टीले पनि युवा नेतालाई उभ्याएको छ । यस पार्टीबाट विजय गौतम उम्मेदवार छन् । यसैगरी प्रगतिशील लोकतान्त्रिक पार्टी (प्रलोपा)का तेजप्रसाद उप्रेती (रमेश)ले उम्मेदवारी दिएका छन् ।

रास्वपाका प्रकाश गौतम, जसपाका दीपक सिन्तान, नेकपा माओवादीका महेश नेपाली, मंगोल नेशनल अर्गनाइजेशनका युवराज लामा, नेपाल मजदुर किसान पार्टीकी रञ्जना सुवाल मगजु, जसपा नेपालका रूपक लामा, श्रम संस्कृति पार्टीकी विद्या श्रेष्ठ महर्जन र उज्यालो नेपाल पार्टीका सुरेन्द्र लामाले पनि यही क्षेत्रका उम्मेदवारी हुन् ।

सो क्षेत्रमा स्वतन्त्र रूपमा उम्मेवार बनेका अमर दंगाल, अमिक परियार, टीकाप्रसाद चौलागाई, प्रमिला कुमारी खतिवडा, मिठु कुमारी मगर, राकेश कुमार शर्मा, रामकुमार खड्का, राजाराम बोगटी, सुशीला सुवेदी र ज्ञान सागर लामाले उम्मेदवारी दिएका छन् ।

सो क्षेत्रमा मुख्य प्रतिस्पर्धीका रुपमा कांग्रेसकी डिना, एमालेका राना र राप्रपाका सिंह देखिएका छन् । २०७९ को निर्वाचनमा सिंहले सो क्षेत्रमा चुनाव जित्दा कांग्रेसकी डिना दोस्रो भइन् । एमालेको चुनाव चिन्हमा उम्मेदवार बनेका राप्रपा नेपालका कमल थापा तेस्रो स्थानमा सीमित भए ।

२०६४ मा यही क्षेत्रमा हार व्यहोरेका राना एमालेका त्यागी नेताको रुपमा चिनिन्छन् । बलियो संगठन रहेको एमालेले सो क्षेत्रमा यस पटक रानाको सादगी र भद्र स्वभावलाई भजाउने रणनीति बनाएको छ । डिना, राना र सिंह मकवानपुरमा चिनिएका र पुराना पात्र हुन् । डिना २०४८ देखि प्रत्यक्ष तथा समानुपातिक सूचीमा रहेर चुनावी मैदानमा उर्दिदै आएकी छन् । २ पटक समानुपातिकतर्फबाट सांसद बनेकी डिना जलस्रोत राज्यमन्त्री पनि भइन् । प्रत्यक्षतर्फको कुनै पनि प्रतिस्पर्धामा उनले जित हात पार्न सकेकी छैनन । राप्रपाका सिंह पञ्चायतकालमा हेटौंडा नगर पञ्चायत र जिल्ला विकास समितिको महत्वपूर्ण जिम्मेवारीमा रहेका पात्र हुन् ।

गत निर्वाचनमा सिंह विकास र सुशासनको मुद्दा लिएर चुनावी मैदानमा छन् । उनी २०७९ को निर्वाचनपछि जलस्रोत राज्यमन्त्री र पूर्वाधार विकास समितिको सभापति थिए ।

नेपाली कम्युनिस्ट पार्टीले भने युवा वर्गबाट सो क्षेत्रमा उम्मेदवार उतारेको छ । विद्यार्थी राजनीतिबाट उदाएका गौतम माओवादी पृष्ठभूमिका हुन् । २ वटा विषयमा स्नाकोत्तर गरेका गौतम पहिलो पटक चुनावी मैदानमा होमिएका हुन् । उनले जनयुद्ध त लडेनन्, तर माओवादीको विद्यार्थी संगठनमा रहेर विद्यार्थी आन्दोलनको मोर्चामा अग्रपंक्तिमा रहेर काम गरेका थिए । नारायणकाजी श्रेष्ठ गृहमन्त्री रहँदा सचिवालयमा रहेर गौतमले काम गरेका थिए ।


डिना, सिंह र रानाबिचको प्रतिस्पर्धामा गौतमले युवाको मत आफूतिर तान्नेमा उनी विश्वोस्त छन् ।

यता प्रगतिशील लोकतान्त्रिक पार्टीका तेजप्रसाद उप्रेती नयाँ र युवा उम्मेदवार हुन् । यसैगरी रास्वपाबाट उम्मेदवार बनेका प्रकाश गौतम व्यवसायी हुन् ।उनी पनि पहिलो पटक चुनावी मैदानमा आएका हुन् । होटल व्यवसाय चलाउँदै आएका गौतम सो क्षेत्रका लागि नयाँ उम्मेदवार हुन् । रास्वपामा पछिल्लो समय बढेको लहरलाई मतमा बदल्ने दाउमा रहेका गौतम मैदानमा आएका छन् । तर उनको टिकट प्रति पार्टी भित्रै असन्तुष्ट पक्ष बलियो बनेको बुझिएको छ । यसले गर्दा उनलाई पहिले पार्टीको आन्तरिक विमति मिलाउनु पर्ने चुनौति छ । रास्वपा केन्द्रीय सदस्य विन्दवासिनी कंशाकारले राजनीति र पैसाका सम्बन्धमा गरेको टिप्पणीले रास्वपामित्रको असन्तुष्टि छताछुल्ल पारेको छ । जिल्ला सभापति भरत पराजुली, सल्लाहकार विष्णु गौतम लगायतलाई समेत थाहै नदिएकन गौतमले केन्द्रबाट टिकट ल्याएपछि रास्वपामित्र असन्तुष्टि व्यक्त भइरहेको छ ।

सो क्षेत्रमा हर्क साम्पाङ नेतृत्वको श्रम संस्कृति पार्टीकी विद्या श्रेष्ठ, कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीका सुरेन्द्र लामाले पुराना दलका उम्मेदवारसँग प्रतिष्पर्धामा आफूलाई उभ्याएका छन् ।

इन्साइड ---- स्टोरी

राजनीतिमा महिला पुरुषसत्ताका लागि भन्याङ्ग



कौशल काफ्ले

कानुनी प्रबन्धका कारण नेपाली राजनीतिमा महिलाहरूको उपस्थिति र सहभागिता बढ्दै गए पनि व्यवहारमा भने अझै लैंगिक विभेद र उपेक्षा कायमै रहेको पाइन्छ ।

पेज २ मा

६ महिनामा बजेट खर्च १४ प्रतिशत मात्रै

पेज ३ मा

माघ महिनामा बजेटको मध्यावधि मूल्याङ्कन र सबै मन्त्रालयको अर्ध वार्षिक समीक्षा गर्ने तयारी भइरहेको

कसरी गर्दै छ निर्वाचन आयोगले सामाजिक सञ्जालको निगरानी ?

पेज ४ मा

बागमतीको प्रशासनिक संरचना योजनामै सिमित

पेज ५ मा

सम्पादक दाहाललाई जेसिजको सम्मान



पेज ६ मा

हेटौंडा उपमहानगरपालिका वडा ११ को सूचना

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ । *बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।*

मुलुकी अपराध संहिता २०७४ अनुसार

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन, (दफा १७३) । यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । *विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।* त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं ।

सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं ।

११ नम्बर वडा कार्यालय, हेटौंडा उपमहानगरपालिका

प्रकाशक/सम्पादक :- सरिता दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स
हेटौंडा-५, मकवानपुर
छापाखाना :- श्रीया अपसेट प्रेस,हेटौंडा ५

सम्पादकीय

सवारी सुरक्षा

नेपालमा बढ्दो सवारी दुर्घटना अहिले राष्ट्रिय चिन्ताको विषय बनेको छ। दैनिक रुपमा हुने सडक दुर्घटनाले सयौंको ज्यान लिइरहेको छ भने हजारौंलाई अङ्गभङ्ग बनाइरहेको छ। यो केवल प्राविधिक समस्या मात्र नभएर अकल्पनीय मानवीय र आर्थिक क्षतिसँग जोडिएको गम्भीर मुद्दा हो। दुर्घटनाका मुख्य कारणहरुमा जीर्ण र साँघुरा सडक, पुराना सवारी साधन, लापरवाही, चालकले मादक पदार्थ तथा लागू पदार्थ सेवन गरी सवारी चलाउनु र तीव्र गति देखिन्छन्। ट्राफिक नियमको उल्लंघन र क्षमताभन्दा बढी यात्री राख्ने प्रवृत्तिले सडकलाई थप जोखिमपूर्ण बनाएको छ। दुर्घटनाका कारण कयौं परिवारले आफ्नो सहारा गुमाएका छन्, जसले सामाजिक र मानसिक पीडा निम्त्याएको छ।

दैनिक हुने सवारी दुर्घटनाको नियन्त्रण गर्न सके भयावह स्थितिको सामाना गर्न पर्ने थिएन । सम्बन्धित निकायले सवारी सधान तथा चालकहरूको समय समयमा परीक्षण गरी दाषी देखिएकालाई कारवाही गर्ने सडकको अवस्था सुधार गर्दै लैजाने र जोखिमयुक्त घुम्तीहरुमा ब्यारियर तथा स्पष्ट ट्राफिक संकेतहरुको व्यवस्था गर्न सके दुर्घटना कम गर्न सकिन्छ । लाईसेन्स वितरण प्रणालीलाई कडा र पारदर्शी बनाइ नियम उल्लंघन गर्नेलाई तत्काल कारबाहीको दायरामा ल्याउने व्यवस्था गर्नु पर्छ। सडक सुरक्षाबारे जनमानसमा जनचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरी सन्देश प्रवाह गर्नु पर्ने देखिन्छ।

प्रत्येक नागरिकले ट्राफिक नियमको पालना गर्ने र संयमित भएर सवारी चलाउने हो भने धेरै दुर्घटना न्यूनीकरण गर्न सकिन्छ। सडक सुरक्षा सरकारको मात्र जिम्मेवारी होइन। यसका लागि राज्य सम्बन्धित निकाय र नागरिकको सामूहिक प्रयास जरूरी छ ।

राजनीतिमा महिला पुरुषसत्ताका लागि भच्याङ्ग



कौशल काफ्ले

कानुनी प्रबन्धका कारण नेपाली राजनीतिमा महिलाहरुको उपस्थिति र सहभागिता बढ्दै गए पनि व्यवहारमा मने अझै लैंगिक विभेद र उपेक्षा कायमै रहेको पाइन्छ । उसै त कम महिला उम्मेदवार उठाइन्छन्, त्यसमा पनि जितेर आउनेले सम्मानजनक व्यवहार महसुस गर्न पाउँदैनन् ।

माघको कठाग्रिदो चिसोमा पनि नेपाली राजनीतिमा गर्मी बढ्दो छ । देश २१ फागुनलाई तय चुनावमा होमिएको छ। राजनीतिक नेतृत्वमा चुनावी चढारो बढिरहँदा नयाँ पुराना सबै पार्टी पंक्तिमा लैंगिक समावेशीता मने न त संख्या, न भूमिका दुबै दृष्टिले कमजोर देखिएको छ। राष्ट्रिय राजनीतिमा महिलाहरुको उपस्थिति एक त बलियो छैन, अर्को मने एकाधको संख्यामा भएका महिला नेतृहरुको पनि पकड आफ्नै पार्टीमा निक्कै कमजोर छ ।

सदनसम्म पुगेर आवाज मुखरित गर्ने र सत्ताबाट कार्यकारी भूमिका निर्वाह गर्ने बाटो महिलाका लागि सहज नरहेको दृष्टान्तहरु नयाँ पुराना, साना ठूला सबै पार्टीका गतिविधि र संरचनामा प्रष्ट देखिन्छन् ।

आफूलाई वैकल्पिक शक्ति बताइरहेका नयाँ दलहरु केहीदिनकै अन्तरालमा एकता, समायोजन र पुन: एकता भङ्गबाट गुज्रिए । परम्परागत राजनीतिको विकल्प साबित हुने जिकिर गरेका यी दल पद र शक्ति बाँडफाडमा सक्रिय हुँदै अहिले टिकट वितरण सकेर प्रतिनिधिसभाको चुनावमा होमिएका छन् ।

यहाँसम्म आइपुग्दा वैकल्पिक धार समातेका नयाँ दलहरु समानुपातिक उम्मेदवारको सूचीमा पनि विवादरहित रहेनन्।पदाधिकारी बाँडफाँडमा पनि समावेशी नदेखिएको आरोप पनि नयाँ दलमाथि छ । प्रतिनिधि सभामा अहिले भएको उम्मेदवारी दर्तामा पनि न्यून रूपमा मात्र महिला उम्मेदवार छन् । करिब १३ प्रतिशत मात्र महिला उम्मेदवार छन् ।

तत्कालीन समयमा उज्यालो नेपाल पार्टीका संयोजक कुलमान घिसिङ, काठमाडौं महानगरका मेयर बालेन शाह, र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेबीच भएको एकतापछि पार्टीको पदाधिकारीहरुमा एकजना मात्र महिला थिइन् कोषाध्यक्ष लिमा अधिकारी । यद्यपि, अहिले यो एकता भाँडिएर घिसिङको उज्यालो नेपाल आफ्नै बाटो हिंडिसकेको छ ।

यसअघि, पुस पहिलो साता सम्पन्न एमालेको ११औं महाधिवेशनको परिणाम पनि उस्तै छ। उक्त महाधिवेशनबाट पदाधिकारीहरुमा १८ जना पुरूष निर्वाचित हुँदा एक मात्र महिला (सचिव) बनिन् पद्मा कुमारी अर्याल । ईश्वर पोखरेल र केपी शर्मा ओली प्यानल नै बनाएर प्रतिस्पर्धा गर्दा उम्मेदवारी दिने संख्यामा पनि महिला कम देखिएको भन्दै सामाजिक सञ्जालमा चर्को टिप्पणी भएको थियो ।

जेनजी आन्दोलनअघि गत भदौ २० गतेदेखि काठमाडौंको गोदावारीमा भएको एमालेको विधान महाधिवेशनमा नै पनि पदाधिकारी र केन्द्रिय कमिटीमा महिलाको संख्या बढाउनुपर्ने आवाज उठेको थियो। महाधिवेशनमा पूर्वमन्त्री विद्या भट्टराई, नेता अष्टलक्ष्मी शाक्य, विन्दा पाण्डे, पेम्बा लामालगायतले विधानमै महिला सहभागिताको ग्यारेन्टी गर्न माग गरेका थिए । पदाधिकारीमा कम्तीमा एकतिहाइ र केन्द्रिय समितिमा ५० प्रतिशत महिला सहभागिता सुनिश्चित गर्नुपर्ने आवाज उठाइएको थियो ।

तर, महाधिवेशनमा पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यता नवीकरण, तत्कालीन समयसम्म रहेको दुई कार्यकालको व्यवस्था हटाउने लगायतका विषय एमाले नेतृत्वको प्राथमिकता बन्दा महिला सहभागिताको माग छायाँमा पर्यो । जसको प्रभाव नयाँ नेतृत्व चयनको ११औं महाधिवेशनमा स्पष्ट देखियो ।

नेपाली कांग्रेसले पनि चुनावको मुखमा आन्तरिक शक्ति संघर्षको रस्साकस्सीकै बीच विशेष महाधिवेशनबाट गगन थापालाई पार्टीको सभापतिमा चुनेको छ । निर्वाचन आयोगले आधिकारिक थापा नेतृत्वको कांग्रेसलाई आधिकारिकता दिएपछि शेरबहादुर देउवा समूह यसलाई उल्ट्याउन सर्वोच्च अदालतमा पुगेको छ ।

तर, त्यसअघि पार्टी संस्थापनको असहमति र असहयोगका बाबजुद तत्कालीन महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको सक्रियतामा भएको विशेष महाधिवेशनको अग्रमोर्चा र महाधिवेशनबाट निर्वाचित नयाँ केन्द्रिय समितिको अग्रपंक्तिमा पनि बहुल्यता पुरुष नेताकै छ । विशेष महाधिवेशनको बिपक्षी कित्तामा भएको देउवा समूहमा पनि पुरूष नेता (कथित 'सात भाइ') नै हाबी रहे । यहाँसम्म कि थापा देउवा पक्षबीच सुलहका वार्तहरुमा समेत महिला नेतृको अनुहार देख्न पाइएन।

यसरी पार्टीको महत्वपूर्ण बहस र रस्साकस्सीमा पुरूष अनुहार मात्र देखिएको कांग्रेसको महाधिवेशनले कति महिलालाई नेतृत्व तहमा पुर्‍याउँछ भन्ने चासो पनि सामाजिक सञ्जालमा देखियो । विशेष महाधिवेशनबाट विगतको पदाधिकारीमा पुरुषकेन्द्रीयतालाई क्रमभंग गर्दै पार्टी उपसभापति बनेकी पुष्पा भुसाल मञ्चमा भाषण गर्दै थिइन् ।

सर्वसम्मत रूपमा विजयी भएकी उनले 'आफू शैलजा आचार्यपछि नेपाली कांग्रेसको दोस्रो उपसभापति' बनेको बताइन् । भुसालले यसरी मध्यरात भृकुटीमण्डपमा महाधिवेशन प्रतिनिधिलाई सम्बोधन गरिरहँदा अगाडि रहेकी भूपि ऐरका आँखा रसाएका थिए ।

'पार्टीमा यत्रो समयपछि महिला उपसभापति पार्यौं । त्यसैले आँसु रोक्न सकिँन । दिदीहरू कसरी संघर्ष गरेर यो स्थानसम्म आइपुग्नुभयो होला भन्ने सम्झँदा आङ जिरिङ्ग हुन्छ,' राजनीतिमा महिलालाई सोचेजस्तो सहज नभएको अनुभव सुनाउँदै पद्मकन्या क्याम्पसकी स्ववियु सभापति ऐरले भनिन् ।

कांग्रेस विषेश महाधिवेशनबाट नयाँ केन्द्रीय कार्यसमितिमा कुल ११ पदाधिकारीहरुमध्ये तीन (२७%) महिला चुनिएका छन् । उपसभापति भुसालसहित सहमहामन्त्रीमा महिलातर्फ डा. डिला संग्रौला पन्त र मधेशीबाट मुक्ता कुमारी यादव । तर, केन्द्रीय सदस्यहरुमा मने महिला निर्दिष्ट समूहबाहेकमा महिला नेतृ चुनिएको शुन्यप्राय: छ ।

यसरी एमाले होस् या कांग्रेस, यी मूलधार भनिएका पुराना पार्टीका केन्द्रमा अधिकांशजसो पुरूष अनुहार नै देखिन्छन् । समाचार का शीर्षक नै 'सात भाइ' वा 'दश भाइ' जस्ता भाष्य बनेर आएकामा कतिपयका असन्तुष्टि पनि सामाजिक सञ्जालमा छताछुल्ल देखिन्छन् ।

अझ नयाँ भनिएकै रास्वपा (बालेन र रवि) एकतामा पनि अन्तिम फोटो सेसनमा पुरूष अनुहार मात्र देखिँदा नयाँहरू पनि पुरानै राजनीतिक संस्कारबाट अघि बढेको भन्दै आलोचना भयो ।

पूर्वशिक्षामन्त्री तथा नेकपा एमालेकी नेतृ विद्या भट्टराईका अनुसार, दाइभाइ बाहरू बाहिर देखिँदा समाजले दिदीबहिनी आमा चार्हि भान्सामित्रै सीमित रहने भन्ने बुझाइ राखेको पाइन्छ ।

'भाइ' राजनीति र पितृसत्तात्मक सोच नेपाली राजनीतिमा अझै पनि हाबी रहेकोले 'ब्रदरहुड'को तुलानामा *बाँकी पेज ३ मा*

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ माघ ८ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

६ महिनामा बजेट खर्च १४ प्रतिशत मात्रै

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षको ६ महिनासम्म कुल बजेटको १४ प्रतिशत रकममात्र खर्च गरेको छ ।

प्रदेश लेखा नियन्त्रक कार्यालय हेटौंडाका अनुसार प्रदेश सरकारको कुल विनियोजित ६७ अर्ब ४७ करोड ७३ लाख रूपैयाँ बजेटमध्ये ६ महिनासम्ममा १४.२० प्रतिशतमात्रै खर्च भएको हो । यसमध्ये पनि अधिकतम योगदान चालुतर्फको बजेटकै रहेको कार्यालयले जनाएको छ ।

प्रदेश सरकारले पुँजीगततर्फ विनियोजन गरेको कुल ४१ अर्ब ४३ करोड ३५ लाख ३६ हजार रूपैयाँमध्ये पुस मसान्तसम्म जम्मा ३ अर्ब ७२ करोड ६६ लाख ७२ हजार रूपैयाँमात्रै खर्च गरेको प्रदेश लेखा नियन्त्रक हरि प्रसाद उपाध्यायले जानकारी दिए । पुँजीगत खर्च ८.९९ प्रतिशत मात्र भएको उनको भनाइ छ ।

त्यस्तै, प्रशासनिक तथा साधारण प्रकृतिको चालु खर्च भने २२.४८ प्रतिशत भएको छ । चालुतर्फ विनियोजित २६ अर्ब ४ करोड ३७ लाख ९१ हजार रूपैयाँमध्ये ५ अर्ब ८५ करोड ३७ लाख ८१ हजार रूपैयाँ खर्च भएको उपाध्यायले जनाए ।

मन्त्रालयगत खर्चको अवस्था

चालु आर्थिक वर्षको बजेटमा सबैभन्दा बढी खर्च श्रम रोजगार तथा यातायात मन्त्रालयले गरेको छ । सो मन्त्रालयले कुल विनियोजित ७२ करोड ५ लाख ४४ हजार रूपैयाँमध्ये पुँजीगत तर्फ १५.१० प्रतिशत र चालुतर्फ ३२.३९ प्रतिशत खर्च गरेको छ । सो मन्त्रालयले ६ महिनामा कुल २८.१० प्रतिशत (२ करोड २४ लाख ७४ हजार रूपैयाँ) खर्च गरेको हो ।



स्वास्थ्य मन्त्रालयले २६.४३ प्रतिशत (९३ करोड ५९ लाख ५२ हजार रूपैयाँ) खर्च गरेको छ । जसमा चालुतर्फ २९.३५ प्रतिशत ९१ करोड ७२ लाख ८ हजार रूपैयाँ) र पुँजीगततर्फ ४.५० प्रतिशत (१ करोड ८७ लाख ४३ हजार रूपैयाँ) खर्च भएको छ । स्वास्थ्य मन्त्रालयलाई चालु आर्थिक वर्ष ३ अर्ब ५४ करोड १३ लाख ९३ हजार रूपैयाँ बजेट उपलब्ध गराइएको छ ।

त्यस्तै २० करोड ७८ लाख ८१ जार रूपैयाँ बजेट विनियोजन भएको आर्थिक मामिला तथा योजना मन्त्रालयले २५.९१ प्रतिशत (५ करोड ३८ लाख ५३ हजार रूपैयाँ) खर्च गरेको छ । जसमा चालुतर्फ ४ करोड ५८ लाख ५५ हजार रूपैयाँ (२६.९० प्रतिशत) र पुँजीगततर्फ ७ करोड ९९ लाख ७४ हजार रूपैयाँ (२१.३७ प्रतिशत) खर्च भएको छ ।वन तथा वातावरण मन्त्रालयले ३ अर्ब ६७ करोड ४५ लाख ५५ हजार रूपैयाँ बजेटमध्ये ६ महिनामा १७.४८ प्रतिशत (६४ करोड २४ लाख १८ हजार रूपैयाँ खर्च गरेको छ । सो मन्त्रालयले पुँजीगततर्फ २३ करोड ६ लाख ३७ हजार रूपैयाँ (९.२९ प्रतिशत) र चालुतर्फ १४ करोड १७ लाख १८ हजार रूपैयाँ (३४.३५ प्रतिशत) खर्च गरेको छ ।

उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले कुल विनियोजित बजेट ६४ करोड ८५ लाख १३ हजार रूपैयाँमध्ये १० करोड ४९ लाख ९१ हजार रूपैयाँ (१६.१९ प्रतिशत) बजेट खर्च गरेको छ भने प्रदेशको सबैभन्दा बढी बजेट रहेको भौतिक पूर्वाधार विकास मन्त्रालयले बजेट कार्यान्वयन १४.२५ प्रतिशत मात्र छ ।

उक्त मन्त्रालयका लागि विनियोजित २१ अर्ब १६ करोड ४० लाख ४५ हजार रूपैयाँमध्ये ३ अर्ब १ करोड ६८ लाख ४३ हजार रूपैयाँ खर्च भएको हो । जसमा पुँजीगततर्फ २ अर्ब ८७ करोड ५७ लाख ३४ हजार रूपैयाँ (१३.६८ प्रतिशत) र चालुतर्फ १४ करोड ११ लाख ८ हजार रूपैयाँ (३४.५१ प्रतिशत) खर्च भएको छ ।

त्यसैगरी संस्कृति तथा पर्यटन मन्त्रालयले कुल विनियोजित बजेटको २.३० प्रतिशत खर्च गरेको छ भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले १९.१७ प्रतिशत, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले १३.३२ प्रतिशत, खानेपानी, ऊर्जा तथा सिँचाइ मन्त्रालयले ७.६१ प्रतिशत, आन्तरिक मामिला तथा कानुन मन्त्रालयले १२.१३ प्रतिशत, सहकारी तथा गरिबी निवारण मन्त्रालयले १२.६३ प्रतिशत, युवा तथा खेलकुद मन्त्रालयले ६.३२ प्रतिशत र सामाजिक विकास मन्त्रालयले १३.९३ प्रतिशत बजेट खर्च गरेको छ ।

यस्तै, प्रदेशसभा सचिवालयले २९.३५ प्रतिशत, प्रदेश लोक सेवा आयोगले ३६.३५ प्रतिशत, मुख्य न्यायाधिवक्ता कार्यालयले ३०.८० प्रतिशत बजेट खर्च गरेको छ । प्रदेश नीति तथा योजना आयोगले २२.६४ प्रतिशत बजेट कार्यान्वयन गरेको छ ।

'अर्थ विविध' र 'कर्मचारी सुविधा' शीर्षकतर्फको बजेटमा भने हालसम्म खर्च भएको देखिँदैन ।

जेनजी प्रदर्शनले खर्च प्रभावित भयो: सचिव अधिकारी

बागमती प्रदेश सरकारको जेट खर्च जेनजी आन्दोलन र सोपछिको अवस्थाले प्रभावित भएको आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव झुनकराम अधिकारीले बताए । गत वर्षको तुलनामा खर्चको प्रवृत्ति उस्तै रहेको उनको भनाइ छ ।

सचिव अधिकारीका अनुसार जेनजी आन्दोलनले बागमती प्रदेशका ४ वटा मन्त्रालय र यातायात व्यवस्था कार्यालयसहितका महत्त्वपूर्ण संरचना ध्वस्त भएकाले बजेट खर्च प्रभावित भएको हो । आन्दोलनपछि सुरूवाती महिनामा विकास निर्माणभन्दा सेवा प्रवाह सुचारू गर्नमा सरकारको ध्यान केन्द्रित भएको उनले बताए । पछि बजेट संशोधनका कारण सिस्टम लक गर्नुपर्ने अवस्था बनेको उनको भनाइ छ ।

नयाँ शीर्षकमा बजेट राख्न र पुन: निर्माणका लागि खर्च व्यवस्थापन गर्न बजेट कटौती तथा संशोधन गर्नुपरेको उनले उनले बताए ।

'सुरूवाती चरणमा भत्किएका संरचनालाई सामान्य अवस्थामा ल्याएर सेवा प्रवाह सुचारू गर्नु हाम्रो प्रमुख प्राथमिकता थियो,' सचिव अधिकारीले भने, 'मन्त्रालय र कार्यालयहरु कहाँ राख्ने र कसरी सेवा दिने भन्ने व्यवस्थापनमै डेढ महिना समय खर्चिनु प¥यो । असोज ३ गतेमात्र बजेट संशोधनको प्रक्रिया सकिएर मन्त्रालयहरुमा बजेट पठाउन सकिएको हो । त्यसले गर्दा सुरूवाती चरणमा खर्चको रफ्तार कम देखिएको हो ।'

बजेट कटौतीका कारण योजनाहरु प्रभावित नभएको उनको भनाइ छ । उनले १० लाखको योजना ९ लाखमा झर्दैमा त्यसले बजेट कार्यान्वयनमा असर नगर्ने बताए ।

माघ महिनामा बजेटको मध्यावधि मूल्याङ्कन र सबै मन्त्रालयको अर्ध वार्षिक समीक्षा गर्ने तयारी भइरहेको सचिव अधिकारीले बताए । उनले बाँकी अवधिमा सुधारका पहल हुने र विकास खर्च बढ्ने बताए ।

राजनीतिमा महिला पुरुषसत्ताका ...

'सिस्टरहुड'लाई सार्वजनिकरुपमा स्वीकार र ग्रहण नगरिएको भट्टराईको तर्क छ । राज्य सञ्चालन र नेतृत्वलाई अझै पनि पितृसत्तात्मक सोच र पितृत्वको भावनाबाटै हेरिने गरेको उनले बताइन् ।'हाम्रोमा राजनीतिमा भाईभाई र महिलाको हकमा मातृत्वका कुरा बढी हुन्छन् । 'सिस्टरहुड' भन्ने कुरा अझै घरमित्र मात्र सीमित छ,' भट्टराईले भनिन्, '३३ प्रतिशत कमिटीमा राख्नुपर्ने बाध्यात्मक व्यवस्था भए पनि पदाधिकारी जस्ता निर्णायक तहमा महिलालाई प्रतिस्पर्धामा ल्याउन र जिताउन दलहरुले कन्जुस्याइँ गर्ने गरेका छन् ।'

स्थानीय तह: महिला नेतृत्व बढ्यो, प्रतिनिधित्व घट्यो

२०७४ सालको स्थानीय तह निर्वाचनको तुलानामा २०७९ को चुनावबाट नेतृत्व तहमा महिलाको संख्या बढेको छ । यद्यपि, समग्र महिला प्रतिनिधित्व भने घटेको देखिन्छ । २०७४ सालमा ७ जनामात्रै महिला मेयर निर्वाचित भएकोमा गत स्थानीय चुनावबाट हाल यो संख्या १३ पुगेको छ। गाउँपालिका अध्यक्षमा निर्वाचित हुने महिलाको संख्या पनि ०७४ को बाट एक बढेर १३ पुग्यो। यसले समग्रमा गाउँपालिकादेखि नगरसम्मको नेतृत्वमा महिला थपिएका छन् । २०७४ को स्थानीय चुनावसँग तुलना गर्ने हो भने गाउँपालिका अध्यक्ष र मेयर दुवै पदमा गरी निर्वाचित हुने महिला नेतृको संख्या १८ बाट २५ पुगेको छ। तर यो सुधार ३ दशमलब ३४ प्रतिशत मात्र हो ।

तर, उपाध्यक्ष/उपमेयरमा निर्वाचितहरूको संख्या भने गत स्थानीय चुनावमा निराशाजनक छ । स्थानीय सरकारको दोस्रो तहको नेतृत्वमा महिला जनप्रतिनिधिको संख्या २०७४ को सात सयबाट करिब डेढ सयले घटेर ५६२ मा झरेको छ । तत्कालीन सत्तारूढ दलहरूको चुनावी गठबन्धनको छायाँमा महिलाको प्रतिनिधित्व खुम्चियो । यसले नेतृत्वमा यसअघिको तुलानामा महिलाको संख्या बढे पनि महिलाको समग्र प्रतिनिधित्व घटेको देखाउँछ ।

निर्वाचितमाथि पनि विभेद कायमै

कानुनी प्रबन्धका कारण नेपाली राजनीतिमा महिलाहरुको उपस्थिति र सहभागिता बढ्दै गए पनि व्यवहारमा भने अझै लैंगिक विभेद र उपेक्षा कायमै रहेको पाइन्छ । उसै त कम महिला उम्मेदवार उठाइन्छन्, त्यसमा पनि जितेर आउनेले सम्मानजनक व्यवहार महसुस गर्न पाउँदैनन् ।

बिर्तामोड नगरपालिकाकी प्रमुख पवित्रा महतरा प्रसाईंका अनुसार, निर्वाचित भएर नेतृत्वमा आइसकेपछि पनि महिला भएकै कारण गरिने विभेद रोकिएको छैन । महिला जनप्रतिनिधिले जतिसुकै राम्रो काम गरे पनि त्यसको उचित प्रचार र मूल्याङ्कन नहुने र सञ्चार माध्यमले समेत महिला मेयरका कामलाई भन्दा पुरूष मेयरका कुरालाई बढी प्राथमिकता दिने गरेको उनको अनुभव छ । 'हामीले जतिसुकै राम्रो गरे पनि प्रचारै नगरिदिने प्रवृत्ति त देखिन्छ नै । त्यसबाहेक महिलाले बोलेको पनि हत्तपत्त सुन्दैनन्,' झापा जिल्लाकै एकल महिला मेयर उनले भनिन्, 'सार्वजनिक मञ्चहरुमा बोल्दाबोल्दै बीचैमा पुरूषहरुले बोल्दिने र महिलाका कुरालाई महत्त्व नदिने प्रवृत्ति अझै कायम छ । यदि पुरूष राजनीतिकर्मी त्यहीँ हुनुहुन्छ भने हाम्रा कुरा उसै बेवास्ता गरिन्छन् । प्राथमिकतामा राखिँदैनन् ।' विसं. २०४३ सालमा विद्यार्थी कालदेखि राजनीतिक यात्रा सुरू गरेकी प्रसाईंको अनुभवमा घरमित्रदेखि विभेदसँग लड्दै नेतृत्व तहमा पुग्दा पनि महिलाहरुले स्थानीय सरकार, देशकै केन्द्रिय मन्त्रालयहरू र प्रशासनिक तहमा समेत विभेद झेल्नु परेको छ । मन्त्रालयका पुरूष कर्मचारी र सचिवहरुले महिला जनप्रतिनिधिले भनेका कुरालाई बेवास्ता गर्ने र उचित सुनुवाइ नगर्ने गरेको अनुभव पटकपटक झेलेको उनले सुनाइन् ।

प्रसाईं भन्छिन्, 'हामीले बोलेको कुराको अर्थै नराखे जस्तो गरिन्छ, जसले गर्दा मित्रमित्रै पीडा महसुस हुन्छ। तर, यो कुरा बाहिर भन्यो भने उल्टै ट्रोलको शिकार भइन्छ जस्तो लाग्छ ।'

यसले दर्शाउँछ महिलाले आफ्नै बुतामा काम गर्दा पनि समाजले त्यसलाई स्वीकार गर्न गाह्रो मान्ने गरेको छ । मधेश प्रदेशको मौलापुर नगरपालिकाकी मेयर रीना कुमारी शाहको अनुभव पनि धेरै फरक छैन । उनी घरपरिवारको साथ पाएर आफ्नै बलबुतामा निर्वाचित त भइन्, तर सार्वजनिक कार्यक्रमहरूमा पुरूष नेताको तुलानामा कम सुनिन्छिन् ।

अनलाइन खबरबाट साभार

कसरी गर्दै छ निर्वाचन आयोगले

सामाजिक सञ्जालको निगरानी ?





आगामी फागुन २१ गते विहिबार हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको समयमा सामाजिक सञ्जालबाट हुन सक्ने गलत तथा भ्रमक सूचनाको प्रवाह रोक्न निर्वाचन आयोगले तयारी सुरू गरेको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनमा सामाजिक सञ्जालबाट प्रवाह हुनसक्ने नकारात्मक सन्देश र गतिविधिलाई नियन्त्रण गरिने बताएको छ ।

आयोगले अनलाइन प्लाटफर्ममार्फत हुने मिथ्या सूचना, घृणाष्पद अभिव्यक्ति, डेटा ब्रिचजस्ता घटना रोकथाम र न्यूनिकरणका लागि नेपाली सेना, नेपाल प्रहरीसँगै आर्टिफिसियल इन्टेलिजेन्स (एआई) मा आधारित सफ्टवेयर 'ईमनिटर प्लस' को पनि सहयोग लिने भएको छ ।

आयोगले संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) को सहयोगमा 'ईमनिटर प्लस' नामक एआईमा आधारित सफ्टवेयर सञ्चालनमा ल्याउने भएको हो । यस एआई द्वलले सामाजिक सञ्जालमा प्रवाह हुने मिथ्या सूचना र आचार संहिता उल्लंघनको प्रभावकारी नियमन गर्ने आयोगको दाबी छ । सुरक्षा निकायका जनशक्ति र विदेशी प्रविधिलाई निर्वाचनको सूक्ष्म निगरानीमा लगाउँदा नागरिकको गोपनीयता र लोकतान्त्रिक अभ्यासमा असर पर्नसक्ने कतिपयको आशंका छ । आयोगले द एसिया फाउन्डेसनसँग पनि सामाजिक सञ्जाल मनिटरिङ गर्ने सफ्टवेयर सहयोगमा लिनेबारे छलफल गरेको छ ।

'ई मनिटर प्लस' ले भ्रामक सूचना, विषाक्त बहस, घृणाष्पद अभिव्यक्तिजस्ता अभ्यासहरुको निगरानी र विश्लेषण गर्न राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी निकायहरुको क्षमता विस्तार गर्ने यूएनडीपीको वेबसाइटमा भनिएको छ । यसले स्थानीय सन्दर्भअनुरूप प्रभावकारी प्रतिकार रणनीतिहरु तयार गर्न सशक्त बनाउने उल्लेख छ।

आयोगले यस प्रणालीलाई 'ट्रेन गर्न' तीन/चार पृष्ठ लामो 'निर्वाचन', 'फागुन २१', 'धाँधली' जस्ता शब्दावली (कि वड्र्स) र करिब दुई सयभन्दा बढी अनलाइन मिडिया तथा सामाजिक सञ्जालका पेजहरुको लिंक तयार पारेको छ । आगामी साता यो प्रविधि प्रयोगमा आएसँगै यसमा कि वर्डहरु पनि थप अपडेट गर्दै जाने आयोगको योजना छ । यो सफ्टवेयरले देवनागरी लिपि, रोमन नेपाली र अंग्रेजी भाषामा लेखिएका सामग्रीहरु सजिलै पहिचान र विश्लेषण गर्न सक्छ ।

'ईमनिटर प्लस' ले फेसबुक, इन्स्टाग्राम, टिकटक, युट्युबजस्ता प्लाटफर्ममा पोस्ट गरिएका कन्टेन्टहरु कि वर्डको आधारमा द्रयाक गर्ने आयोगले जानकारी दिएको छ । ती सामग्री सकारात्मक वा नकारात्मक कस्तो प्रकृतिका छन् भनी 'सेन्टिमेन्ट' विश्लेषण गरेर रिपोर्टिङ गर्छ । यो प्रणाली क्लाउडमा आधारित हुने र आयोगले आफ्नै ड्यासबोर्डमार्फत सञ्चालन गर्ने जनाएको छ । 'प्राइभेट मेसेजमा कुनै पहुँच हुँदैन,' निर्वाचन आयोगका प्रवक्ता नारायण प्रसाद भट्टराईले भने, 'पोस्ट भएका कन्टेन्ट मात्रै हेर्ने हो ।'

आयोगले सामाजिक सञ्जालमा हुने मिथ्या सूचना र चरित्र हत्या गर्ने नियतका सामग्रीहरु रोक्न मेटा र टिकटकसँग सहकार्य गर्ने प्रक्रिया अगाडि बढाएको छ । आयोगले २०७९ को स्थानीय तहको निर्वाचनमा पनि प्रविधि कम्पनीहरुसँग सहकार्य गरेको थियो । सोही बेलादेखि फेसबुकले आफ्नो एड लाइब्रेरीमा नेपाललाई समावेश गरी यहाँबाट हुने राजनीतिक, सामाजिक र निर्वाचनसम्बन्धी विज्ञापन, त्यसमा गरिएको खर्चलगायत विवरण उपलब्ध गराउन थालेको हो ।

एआईको प्रयोग गरी बनाइने 'डिपफेक' भिडियो, अडियो र भ्रामक सामग्रीहरुको तथ्य जाँच (फ्याक्ट चेक) गर्न आयोगले यसपाली ठेकपाना न्युज पोर्टलसँग सहकार्य गर्ने जानकारी दिएको छ। ईमनिटर प्लस सञ्चालनका लागि आयोगको 'आइआइपीयू' युनिटका कर्मचारी र सम्बन्धित प्राविधिक टोलीलाई अभिमुखीकरण तथा तालिम दिन यूएनडीपीका विज्ञहरु नेपाल आएका छन् ।

निर्वाचन आचार संहिता २०८२ ले सामाजिक सञ्जालमा झुठा साइट खोल्ने, एआई प्रयोग गरी निर्वाचनलाई प्रभाव पार्ने भ्रामक सामग्री बनाउने, सामाजिक सञ्जालमार्फत कसैको चरित्र हत्या गर्ने र द्वेषपूर्ण भाषण (हेट स्पिच) फैलाउने कार्यलाई पूर्ण रुपमा निषेध गरेको छ । निर्वाचन आयुक्त सगुन शमशेर जबराका अनुसार यस नयाँ प्रणालीले आचार संहिता उल्लंघनका घटनालाई तत्काल पहिचान गरी आयोगलाई वर्ड वा पिक्चरका रुपमा जानकारी दिन्छ । दोषी देखिएका उम्मेदवार वा मतदातालाई स्पष्टिकरण सोध्नेदेखि उम्मेदवारी रद्द गर्नेसम्मको कारबाही गरिनेछ ।

सामाजिक सञ्जाल र अनलाइन प्लाटफर्म निगरानी गर्ने आयोगको तयारी आवश्यक भए पनि यसमा पूर्ण पारदर्शिता अपनाउन सरोकारवालहरुले सुझाव दिएका छन् । डिजिटल राइट्स नेपालका संस्थापक अध्यक्ष एवं अभियन्ता सन्तोष सिग्देलले विदेशी सफ्टवेयर र सेनाका उपकरणहरुले सर्वसाधारणका सार्वजनिक पोस्टहरु मात्र हेर्ने हुन् कि व्यक्तिगत सन्देशमा पनि पहुँच राख्छन् भन्ने कुरा स्पष्ट हुनुपर्ने बताए ।

लोकतान्त्रिक सरकार भएको ठाउँमा यस्ता निगरानीका कार्यहरु खुला र पारदर्शी हुनुपर्ने उनको तर्क छ । 'अन्यथा मतदाताहरुमा कतै मेरो निगरानी त भइरहेको छैन भन्ने डर पैदा हुन्छ,' उनले भने, 'मतदातालाई आफ्ना धारणा राख्न हिचकिचाउने वा सेल्फ सेन्सरसिपमा जान सक्ने खतरा हुन्छ ।' आयोगले 'विदेशी स ढवेयर/द्वल' भन्नुको सट्टा त्यो कस्तो स ढवेयर हो र त्यसको काम गर्ने तरिका के हो भन्नेबारे स्पष्ट बताउनुपर्ने उनले औंल्याए ।

निर्वाचनका बेला मिथ्या सूचनाको प्रवाह अत्यधिक हुने भएकाले यसलाई नियन्त्रण र नियमन गर्न आयोगले अग्रणी भूमिका खेल्नुपर्ने राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) का अध्यक्ष गोपालकृष्ण शिवाकोटीले बताए । तथापि, सूचना प्रविधिको नियमन र सामाजिक सञ्जालको निगरानीलाई नागरिक (सिभिलियन) विज्ञहरुको दायरामित्रै राख्नुपर्नेमा उनले जोड दिए । 'यस्ता कार्यमा फौजी संरचनालाई प्रवेश गराउनु लोकतान्त्रिक स्वास्थ्यका लागि त्यति उचित हुँदैन,' उनले भने, 'सुरक्षा निकायका उपकरण वा विज्ञहरु प्रयोग गर्नैपर्ने अवस्था भए, त्यसलाई अत्यन्तै पारदर्शी र विश्वसनीय ढंगले मात्रै गर्नुपर्छ।'

शिवाकोटीका अनुसार सेना वा प्रहरीको संलग्नताले जनमानसमा सूचना नियन्त्रण भइरहेको भान पर्न सक्छ र यसले आयोगप्रति अविश्वास पैदा गर्ने जोखिम रहन्छ । बजारमा दक्ष नागरिक जनशक्ति पर्याप्त उपलब्ध भएकाले आयोगले उनीहरुलाई नै परिचालन गर्नु उपयुक्त हुने शिवाकोटीको सुझाव छ ।

प्रवक्ता भट्टराईले भने आयोगले नेपाल प्रहरी वा नेपाली सेनालाई संस्थागत रुपमा नभई उनीहरुसँग भएको विशेषीकृत प्राविधिक जनशक्ति काजमा लिएको स्पष्ट पारे । उनका अनुसार आयोगको आईआईपीयू युनिटमा नेपाल प्रहरी, नेपाली सेना, सञ्चार मन्त्रालय र दूरसञ्चार प्राधिकरणका विज्ञहरु छन् । उनीहरुले निर्वाचनसँग सम्बन्धित सार्वजनिक सूचनाहरुको विश्लेषण गर्छन् । 'सेनाको संस्थागत संलग्नता नभई उनीहरुको व्यक्तिगत प्राविधिक दक्षताको उपयोग मात्र गरिएको हो,' उनले भने, 'सेनाले सबै सोसल मिडिया मनिटरिङ गर्छ भन्ने गलत सूचना नजाओस् ।'

केही दिनअघि निर्वाचन आचार संहितबारे राजनीतिक दलहरुसँगको छलफल कार्यक्रममा निर्वाचन आयुक्त सगुन शमशेर जबराले भने सेनाको उपकरण अहिले नेपालमा सबैभन्दा राम्रो भएकाले ती 'इक्विपमेन्ट' र विज्ञतालाई प्रयोग गरिने जानकारी दिएका थिए । उनले निर्वाचनलाई स्वच्छ र कम खर्चिलो बनाउन अत्याधुनिक प्रविधि र उपकरण आवश्यक रहेको बताएका थिए । यसले आचार संहिता उल्लंघन गर्नेहरुलाई तत्काल पहिचान गरी कारबाहीको दायरामा ल्याउन मद्दत पुग्याउने उनको भनाइ थियो ।

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ । सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

लोकहितको लागि

सहीरबर

बागमतीको प्रशासनिक संरचना योजनामै सिमित

○सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशको प्रशासनिक भवन निर्माणको प्रक्रियाले अझै पूर्णता पाउन सकेको छैन । २०७६ देखि सुरू भएको जग्गा प्राप्ति सम्बन्धी प्रक्रिया नटुङ्गिएकाले योजना अलपत्रजस्तै भएको हो ।

२०७४ मा प्रदेश विभाजन गरी प्रादेशिक सरकार बने यता बागमती प्रदेशले ५ मुख्यमन्त्रीसहित ८० भन्दा बढी मन्त्री पाइसकेको छ । यद्यपि प्रदेशको आफ्नै प्रशासनिक संरचना निर्माण योजनामा बर्सेनि बजेट छुट्टयाए पनि जग्गा प्राप्ति नहुँदा काम अघि बढ्न नसकेको हो ।

बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँका निजी सचिव भक्तबहादुर भण्डारीका अनुसार जग्गा प्राप्ति र रूख कटानसम्बन्धी प्रक्रिया बल्ल अन्तिम चरणमा पुगेको छ ।

भवन निर्माणका लागि आवश्यक जग्गाको भोगाधिकार प्राप्त गर्ने फाइल अहिले संघीय वन तथा वातावरण मन्त्रालयमा पुगेको उनले जानकारी दिए । संघीय मन्त्रिपरिषदबाट स्वीकृत भएपछि थप प्रक्रिया अघि बढ्ने उनको भनाइ छ ।

भण्डारीका अनुसार जग्गा प्राप्ति गर्दा सो क्षेत्रमा रहेका बोटबिरूवा र रूखहरुको संरक्षण तथा वृक्षारोपणका लागि आवश्यक पर्ने रकमको सुनिश्चितता प्रदेश सरकारले गरिसकेको छ । बागमती प्रदेश मन्त्रिपरिषदको भदौमा बसेको बैठकले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अनुसार आवश्यक रकम 'वन कोष' मा जम्मा गर्ने निर्णय गरिसकेको छ ।

तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेलले २०७५ मै एकीकृत प्रादेशिक प्रशासनिक संरचना निर्माण योजना अघि सारेका थिए । प्रदेश राजधानीका संरचना निर्माणमा जग्गा खोजी गरे पनि उनले त्यसलाई निकर्षमा पुर्‍याउन सकेनन् । त्यसपछि मुख्यमन्त्री बनेका राजेन्द्र पाण्डे र शालिकराम जम्कट्टेलको कार्यकालमा पनि यसबारे प्रयास भयो, तर जग्गा प्राप्तिको प्रक्रिया



टुङ्गोमा पुग्न सकेन ।

भण्डारीका अनुसार मुख्यमन्त्री बानियाँले यसबारे विभागीय मन्त्रालयहरुलाई आवश्यक निर्देशन दिँदै संघीय सरकारसँग निरन्तर समन्वय गरिरहेका छन् । संघीय वन तथा वातावरण मन्त्रालयले प्रदेश सरकारको प्रतिबद्धता पत्र प्राप्त गरिसकेकाले अब सो फाइल संघीय मन्त्रिपरिषदमा प्रस्तावका रुपमा लैजानेछ । संघीय सरकारले जग्गा भोगाधिकारको निर्णय गरेलगत्तै डिभिजन वन कार्यालयमार्फत रूखहरुको गणना, छपान र कटानको काम सुरू हुने जनाइएको छ ।

'बागमती प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयले संघीय वन मन्त्रालयले मागेका सबै प्रतिबद्धता र सुनिश्चिततासहितको पत्राचार गरिसकेको छ,' भण्डारीले भने, 'प्रदेशको भौतिक पूर्वाधार मन्त्रालयले पुस १४ गते र त्यसपछि पनि संघीय मन्त्रालयले माग गरेर अनुसारको आवश्यक प्रतिवद्धता पत्र पुस २० मा पठाइसकेको छ ।'

यसरी सुरू भएको थियो जग्गा प्राप्ति सम्बन्धी प्रक्रिया

हेटौंडा १७ स्थित डिपोचौरमा निर्माण गर्ने गरी आयोजना तयार गरेर तत्कालीन सरकारले पटक पटक संघीय सरकारलाई पत्राचार गरे पनि निष्कर्षमा पुग्न सकेन । पछिल्लो समय संघीय सरकारको राष्ट्रिय योजना आयोगले 'राष्ट्रिय गौरवको आयोजना' निर्धारण गरेसँगै जग्गा प्राप्तिको कानुनी गाँठो खुकुलो बनेको हो ।

प्रदेश सरकारले प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना खडा गरेर डिपोचौरमा ३१.०३ हेक्टर जमिनमा प्रशासनिक संरचना निर्माण गर्ने योजना तयार गरेको छ । मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय, प्रदेश सभा भवन, सुरक्षा निकाय, लोकसेवा आयोग, नीति तथा योजना आयोग, बैंक, क्याफेटेरिया र शिशु स्याहार केन्द्रसहित ३५ वटा आधुनिक संरचना निर्माण गर्नेगरी ईआईए गरिएको छ ।

निवर्तमान मुख्यमन्त्री बहादुर सिंह लामाका पालामा प्रधानमन्त्री कार्यालयसँग समन्वय र लबिङपछि २०८१ चैत ६ गते राष्ट्रिय योजना आयोगले सो योजनालाई राष्ट्रिय गौरवको आयोजना निर्धारण गर्ने निर्णय गरेको थियो । आयोगको उक्त निर्णयको पत्र प्रधानमन्त्री कार्यालय हुँदै मुख्यमन्त्री कार्यालयमा प्राप्त भएपछि जग्गा प्राप्तिका लागि संघीय वन तथा वातावरण मन्त्रालय र भूमि व्यवस्था मन्त्रालयमा पत्राचार गरिएको थियो । यद्यपि सो क्षेत्रमा रहेका वन क्षेत्रको क्षतिपूर्ति बापतको रकम सुनिश्चितता नहुँदा पुन: फाइल रोकिएको थियो ।

प्रदेश सरकारले रूख कटानबापतको क्षतिपूर्ति र वृक्षारोपणका लागि आवश्यक रकम 'वन कोष' मा जम्मा गर्ने निर्णय गरेपछि प्रक्रिया फेरि अघि बढेको थियो ।

प्रदेश सरकारले प्रदेश राजधानी पूर्वाधार विकास विशेष आयोजना खडा गरेर डिपोचौरमा ३१.०३ हेक्टर जमिनमा प्रशासनिक संरचना निर्माण गर्ने योजना तयार गरेको छ । मुख्यमन्त्री कार्यालयसहित १० वटा मन्त्रालय, प्रदेश सभा भवन, सुरक्षा निकाय, लोकसेवा आयोग, नीति तथा योजना आयोग, बैंक, क्याफेटेरिया र शिशु स्याहार केन्द्रसहित ३५ वटा आधुनिक संरचना निर्माण गर्नेगरी ईआईए गरिएको छ ।

उक्त आयोजनामा ३७.५७ हेक्टर (घ्याम्पे र चुरेकाली सामुदायिक वन)को वन क्षेत्र पर्छ भने ३.४५ हेक्टर विद्यालय र सार्वजनिक जग्गा पर्दछ । वातावरणीय प्रभाव मूल्याङ्कन अनुसार संरचना निर्माणका क्रममा ५ हजार ३४४ वटा रूख काटिनेछन्, जसमा सबैभन्दा बढी ३ हजार ३७३ सिसौ र १ हजार ९३७ खोटे सल्लाका रूख छन् ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

सबैलाई घटना भएको ३५ दिन भित्र आ आफ्नो वडामा दर्ताको लागि अनुरोध छ ।

अध्यक्ष: राजकुमार मल्ल

राक्सिराङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय मकवानपुर

सम्पादक दाहाललाई जेसिजको सम्मान

○सहीखर संवाददाता

मकवानपुर । मकवानपुरगढी जेसिजको तेस्रो पदस्थापना तथा पुरस्कार वतिरण कार्यक्रम बुधबार गरिएको छ । यसै अवसरमा यस साप्ताहिकको सम्पादक सरिता दाहाललाई नगद पुरस्कार सहीत सम्मान गरिएको छ ।

नेपाल जेसिज वर्ष २०२६ का अध्यक्ष जीवन कार्कीको उपस्थितीमा मकवानपुरगढी जेसिज वर्ष २०२६ को लागि अध्यक्ष इरोज न्यौपानेले पदस्थापना तथा सपथ ग्रहण गरेका हुन् ।

कार्यक्रममा नेपाल जेसिजका अध्यक्ष कार्कीले नेतृत्व र व्यक्तित्व विकासमा जेसिजको भूमिका महत्त्वपूर्ण रहने बताए । नयाँ सोच नयाँ दृष्टकिोण र कल्पनाले समाजलाई सकारात्मक बनाउने भएकोले सही मार्गमा युवाको लगाव राख्न उनले आग्रह गरे । 'समाजको अपेक्षा भरोसा अनुसार काम गर्नुस' उनले भने । सामाजिक काम मार्फत आफ्नो शाखालाई उत्कृष्ट बनाउन उनले आग्रह गरे ।

कार्यक्रममा मकवानपुरगढी जेसिजलाई मातृत्व प्रदान गर्ने पालुङ जेसिज बर्ष २०२५ का अध्यक्ष माधव कार्की, हेटौंडा जेसिज बर्ष २०२६ का अध्यक्ष सन्तोष पराजुली, पत्रकारमसंघ मकवानपुर अध्यक्ष बालकृष्ण अधिकारी समेतको



उपस्थति रहेको थियो ।

मकवानपुरगढी जेसिजको बर्ष २०२६ को लागि कार्याकारीणी उपाध्यक्षहरु सुजन सापकोटा र सुबास अधकिारी, उपाध्यक्षहरु किरण खनाल, पुष्कर बहादुर घिमिरे, नश्चिल चौलागाई र बिनम्र अधकिारी चयन भएका छन् ।

यसैगरी महासचिव सुनिल पाखिन, कानुन सल्लाहकार रोहित पुडासैनी, कोषाध्यक्ष सन्तोष न्यौपाने चयन भएको मकवानपुरगढी जेसिजका संस्थापक अध्यक्ष पुष्पराज पुडासैनीले बताए ।

पत्रकार दाहाल सम्मानित

जेसिजको पदस्थापना तथा पुरस्कार वतिरण कार्यक्रममा पत्रकार सरिता दाहाललाई नगद सहित सम्मान प्रदान गरिएको छ ।

संस्थापन अध्यक्ष पुडासैनीको हजुर बुबाको नाममा स्थापित स्वर्गीय बुद्धप्रिसाद पुडासैनी स्मृती पत्रकारित पुरस्कार दाहाललाई प्रदान गरएिको हो । नेपाल जेसिजका अध्यक्ष जीवन कार्की, मकवानपुर गढी जेसिजका संस्थापक अध्यक्ष पुष्पराज पुडासैनीलगायतले पुरस्कार तथा सम्मान प्रदान गरेका हुन् ।

२०६० सालदेखी पत्रकारतिामा संलग्न दाहाल हाल राजधानी राष्ट्रिय दैनिक, सहीखबर डटकम तथा सहीखबर साप्ताहकिमा आबद्ध छिन् ।

मकवानपुरगढी पत्रकार समाजको संस्थापक अध्यक्ष तथा पत्रकार महासंघ मकवानपुरको पुर्व उपाध्यक्ष दाहाल हाल प्रेस चौतारी मकवानपुर अध्यक्ष हुन ।

१२१ केजी चरेससहित दुई जना पक्राउ

मकवानपुर । मकवानपुर जिल्लाको थाहा नगरपालिका १०, ढौखेलस्थित ढौखेलबाट मार्खुतर्फ जाँदै गरेको अटोबाट ठूलो परिमाणमा लागूऔषध चरेस बरामद गरिएको छ।

लागूऔषध ओसार पसार भइरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय पालुङ तथा चित्लाङबाट खटिएको संयुक्त प्रहरी टोलीले बा प्र ०३-००१ ह १५०६ नम्बरको अटो



चेकजाँच गरेको थियो। चेकजाँचका क्रममा अटोभित्र १२ वटा रबरका डिब्बामा लुकाएर राखिएको चरेस १२१ केजी ४६ ग्राम परेको प्रहरीले जनाएको छ।

प्रहरीले अटो चालक थाहा नगरपालिका ४, रूप्से निवासी २९ वर्षीय घनश्याम बल तामाङ र कैलाश गाउँपालिका ५ निवासी २१ वर्षीय सानुकान्छा थिङलाई नियन्त्रणमा लिएको छ। बरामद लागूऔषधसहित अटो समेत नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरिक्षक पुस्कर बोगटीले बताए ।

पक्राउ परेका दुवै जनालाई मकवानपुर जिल्ला अदालतबाट ६ दिनको म्याद थप गरी थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ।

मधुमेह (डायबिटिज) रोगबाट बचौं

मधुमेहले, ❖ शरीरका विभिन्न अंगमा क्षति पुयाउने,
❖ मुटु र मिर्गौलाले काम नगर्ने,
❖ अन्धोपन, पक्षघातलगायतका जोखिम बढाउन सक्छ ।

त्यसैले मधुमेहबाट बच्न

❖ शरीरको तौल सन्तुलित राखौ
❖ चिल्लो तथा चिनीजन्य परिकार कम खाओ,
❖ जङ्क फुड तथा तारेका, भुटेका पदार्थहरु नखाऔं ❖ धुम्रपान, मद्यपान नगरौ, नियमित व्यायाम गरौ,
❖ रेशायुक्त तथा प्राकृतिक खानेकुरा खाज,
❖ प्रशोधित खानाहरु नखाऔं,
❖ तनाव यवस्थापन गरौ,
❖ नियमित स्वास्थ्य परीक्षण गरौं ।

मकवानपुरगढी गाउँपालिका,मकवानपुर

मतदान गर्ने अधिकारको प्रयोग गरौं

❖ लोकतान्त्रिक शासन व्यवस्थामा मतदानको प्रक्रियामार्फत शासनमा सहभागी होऔं ।
❖ मतदानको समयमा विवेकको प्रयोग गरौ ।
❖ मतदान गरेर नागरिकको अधिकार र कर्तव्य निर्वाह गरौं ।
❖ जनतामा निहित सार्वभौमसत्ताको प्रयोग गरौं ।
❖ निर्वाचनको माध्यमबाट शासन व्यवस्थालाई वैधता प्रदान गरौं ।
❖ असल, विवेकशील, गतिशील र दुरदर्शी नेतृत्व चयन गरौं ।
❖ सुशासन कायम गरौं र सुशासनका लागि निरन्तर खबर दारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड